(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

त्रिवेणी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः१ संख्याः९० मिति२०८२/०२/११.

## भाग-२

## त्रिवेणी गाउँपालिका

# त्रिवेणी गाउँपालिका प्रज्ञा प्रतिष्ठान कार्यविधि, २०८२

आज्ञाले,

नामः यज्ञ बहादुर भण्डारी

प्रमुख प्रशासकीय अधिकृत

# त्रिवेणी गाउँपालिका प्रज्ञा प्रतिष्ठान कार्यविधि, २०८२

**प्रमाणिकरण मितिः२०८२/०१/२४**

**प्रकाशन मितिः२०८२/०२/११**

प्रस्तावना :

नेपालको संविधानले तीन तहको सरकारको परिकल्पना गरी स्थानीय सरकारको व्यवस्था गरे बमोजिम त्रिवेणी गाउँपालिकाले भाषा, साहित्य, संस्कृति र कलाको संरक्षणमा पनि आफ्ना गतिविधिहरू सञ्चालन गरिरहेको सन्दर्भमा यसलाई अझै मर्यादित र व्यवस्थित ढङ्गमा सञ्चालन गर्न वाञ्छनीय भएकाले नेपालको संविधान २०७२ को धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ (१) बमोजिम त्रिवेणी गाउँपालिका प्रज्ञा प्रतिष्ठान कार्यविधि २०८२ पारित गरी लागु गरिएको छ।

परिच्छेद १

प्रारम्भिक

१. <u>संक्षिप्त नाम र परिभाषाः</u> (१) यस ऐनको नाम **"त्रिवेणी गाउँपालिकाल प्रज्ञा प्रतिष्ठान कार्यविधि, २०८२"** रहेको छ।

(२) यो कार्यविधि गाउँ कार्यापालिकाबाट स्विकृत भई राजपत्रमा प्रकासन भएपछि प्रारम्भ हुनेछ।

२. <u>परिभाषा विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,</u>

(क) **"प्रज्ञा प्रतिष्ठान/प्रतिष्ठान "** भन्नाले दफा ३ बमोजिम गठन भएको त्रिवेणी गाउँपालिका प्रज्ञा प्रतिष्ठानलाई सम्झनु पर्छ।

(ख) **"प्रज्ञा सभा"** भन्नाले दफा  बमोजिम गठित प्रज्ञा सभालाई सम्झनु पर्छ।

(ग) **"प्रज्ञा परिषद"** भन्नाले दफा ८ बमोजिम गठित प्रज्ञा परिषदलाई सम्झनु पर्छ।

(घ) **"गाउँपालिका"** भन्नाले त्रिवेणी गाउँपालिकालाई सम्झनु पर्छ।

(ङ) **"अध्यक्ष"** भन्नाले त्रिवेणी गाउँपालिका अध्यक्षलाई सम्झनु पर्छ।

(च) **"कुलपति"** भन्नाले त्रिवेणी गाउँपालिका प्रज्ञा प्रतिष्ठानको कुलपतिलाई सम्झनु पर्छ।

(छ) **"उपाध्यक्ष"** भन्नाले त्रिवेणी गाउँपालिका उपाध्यक्षलाई सम्झनु पर्छ।

(ज) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले त्रिवेणी गाउँपालिका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(झ) **"कार्यपालिका सदस्य"** भन्नाले त्रिवेणी गाउँपालिका कार्यपालिका सदस्यलाई सम्झनु पर्छ।

(ञ) **"उपकूलपति"** भन्नाले दफा १० (३) बमोजिम त्रिवेणी गाउँपालिकाले मनोनयन गरेको त्रिवेणी प्रज्ञा प्रतिष्ठानको उपकूलपतिलाई सम्झनु पर्छ।

(ट) **"परिषद् सदस्य"** भन्नाले दफा १० (३) मनोनयन गरेको त्रिवेणी प्रज्ञा प्रतिष्ठानको परिषद् सदस्यलाई सम्झनु पर्छ।

(ठ) **"प्रज्ञा सभा सदस्य"** भन्नाले दफा १० (३) मनोनयन गरेको खज्ञा प्रज्ञा प्रतिष्ठानको परिषद् सदस्यलाई सम्झनु पर्छ।

(ड) **"गाउँसभा"** भन्नाले त्रिवेणी गाउँसभालाई जनाउँछ।

(ढ) **"सदस्य सचिव"** भन्नाले त्रिवेणी गाउँपालिकाको प्रज्ञा प्रतिष्ठानको सदस्य सचिवको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनु पर्छ।

(ण) **"सचिवालय"** भन्नाले प्रज्ञा प्रतिष्ठानको सचिवालयलाई सम्झनु पर्छ।

(त) **"तोकिएको वा तोकिए बमोजिम"** भन्नाले यस कार्यविधि अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

## परिच्छेद २
## त्रिवेणी प्रज्ञा प्रतिष्ठानको स्थापना, काम, कर्तव्य र अधिकार

३. **प्रज्ञा प्रतिष्ठानको स्थापनाः**

(क) त्रिवेणी गाउँपालिकाभित्र रहेका भाषा, साहित्य, कला संस्कृतिको संरक्षण, उत्थान, अध्ययन, अनुसन्धान र विकासका लागि

(ख) त्रिवेणी प्रज्ञा प्रतिष्ठान नामको एक प्रज्ञा प्रतिष्ठानको स्थापना गरी सञ्चालनमा ल्याइएने छ।

(ग) प्रज्ञा प्रतिष्ठानको कार्यालय त्रिवेणी गाउँपालिकाको कार्यालयमा रहने छ।

(घ) प्रज्ञा प्रतिष्ठान स्वतन्त्र र अधिकार सम्पन्न हुनेछ।

(ङ) प्रज्ञा प्रतिष्ठानले पालिका सभाबाट पारित नीति र बजेटको सीमाभित्र प्रज्ञा सभावाट स्वीकृत कार्यक्रम कार्यान्वयन गर्नसक्ने पालिकाको अभिन्न अङ्ग हुनेछ। यो एक स्वतन्त्र र अधिकार सम्पन्न प्रज्ञा प्रतिष्ठानका रुपमा रहनेछ।

(च) प्रज्ञा प्रतिष्ठानले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपयोग गर्न, बेचविखन गर्न, वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्नेछ।

(छ) प्रज्ञा प्रतिष्ठानले व्यक्तिसरह आफ्नो नामबाट नालिस उजुर गर्न र प्रज्ञा प्रतिष्ठान उपर पनि नालिस उजुर लाग्न सक्नेछ।

(ज) प्रज्ञा प्रतिष्ठानले व्यक्ति सरह करार गर्न करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्नेछ।

४. **प्रज्ञा प्रतिष्ठानको काम कर्तव्य र अधिकारहरूः** प्रज्ञा प्रतिष्ठानको काम, कर्तव्य र अधिकारहरू बेहाय बमोजिम हुनेछ :

(क) प्रज्ञा प्रतिष्ठानको नीति तथा कार्यक्रम तर्जुमा गर्ने।

(ख) त्रिवेणी गाउँपालिकाभित्र रहेका भाषा, साहित्य, कला संस्कृतिको अध्ययन, अनुसन्धान, संरक्षण, सवर्धन र विकासका लागि कार्यक्रमहरू सञ्चालन गर्ने।

(ग) त्रिवेणी गाउँपालिकाभित्रका स्रष्टाहरूका सिर्जना प्रकाशनको लागि प्रोत्साहन गर्ने।

(घ) त्रिवेणी गाउँपालिकाभित्र साहित्यकारका साहित्यिक कृतिहरू निश्चित प्रति खरिद गरी प्रोत्साहन गर्ने

(ङ) स्वदेशी तथा विदेशी साहित्यिक कृतिहरूको समेत सहयोग / उपहारस्वरूप ग्रहण गर्ने।

(च) पालिका क्षेत्रभित्रका सामुदायिक पुस्तकालयहरूलाई व्यवस्थित रूपमा सञ्चालन गर्न प्रोत्साहन गर्ने

(छ) त्रिवेणी गाउँपालिकाभित्र रहेका साहित्यक संस्थाहरूलाई यस पालिकामा वर्ता, नवीकरण र सूचीकरण गर्ने।

(ज) साहित्यक संस्थाहरूको अनुगमन र मूल्यांकन गर्ने नियामक भूमिका निर्वाह गर्ने।

(झ) यस पालिकाभित्र स्थापित पुस्तकालयहरुलाई व्यवस्थित गर्ने।

(ञ) अन्य प्रदेश, स्थानीय पालिका तथा संघीय सरकार एवम् नेपाल प्रज्ञा प्रतिष्ठान, नाट्य कला प्रतिष्ठान, ललितकला लगायत सरोकारवाला संस्थाहरूसित समन्वय र सहकार्य गर्ने।

(ट) भाषा, साहित्य, संस्कृक्ति, सामाजिकशास्त्र, दर्शनशास्त्र आदि विविध विषयको खोज, अनुसन्धान, अन्वेषण गर्ने।

५. **<u>लेखनवृत्ति प्रदान गर्नेः</u>**

(क) विश्वविद्यालयहरू / स्थानीय क्याम्पस र विद्यालयहरूसित सहकार्य गरी स्नातकोत्तर तहका विद्यार्थीहरूलाई भाषा, कला, साहित्य, संस्कृतिसँग सम्बन्धित विषयमा शोध कार्यका लागि प्रोत्साहन गर्ने।

(ख) देशभित्रका विविध भाषाका कृति र विदेशी भाषामा लेखिएका साहित्यिक कृतिहरूको अनुवादका लागि प्रोत्साहन गर्ने।

(ग) भाषा, साहित्य, संस्कृति संम्बन्धी राष्ट्रिय, अन्तर्राष्ट्रिय सभा सम्मेलन, गोष्ठी सञ्चालन गर्ने तथा सहभागिता जनाउने।

(घ) यस गाउँपालिकाभित्र रहेका विभिन्न जात, जाति, धर्म, सम्प्रदायका सांस्कृतिक पहिचान झल्कने प्रदर्शनी कक्ष र संग्राहलय निर्माण गर्ने।

(ङ) लामो समयदेखि साहित्य र कला साधनामा लागेर विशिष्ट पहिचान बनाएका स्रष्टाहरूलाई सम्मान गर्ने

(च) लोपोन्मुख भाषा, संस्कृतिको संरक्षण गर्ने।

(छ) स्थानीय कलाको संरक्षण र संवर्धन गर्ने।

(ज) गाउँपालिका स्तरीय कला गृह आर्ट ग्यालरी निर्माण गर्ने।

(झ) मापदण्ड निर्माण गरी विशिष्ट विद्वान तथा वाङ्मय साधकलाई आजीवन सदस्यता प्रदान गर्ने।

(ञ) साहित्यिक र कलासम्बन्धी संस्थाहरूको जिल्ला प्रशासन कार्यालय तथा समाज कल्याण प्रतिष्ठानमा दतां नवीकरण गर्न पालिकाले सहजीकरण र प्रोत्साहन गर्ने।

(ट) गाउँसभाले पारित गरेका अन्य भाषा, साहित्य, कला र संस्कृति सम्बन्धित कार्य गर्ने।

## परिच्छेद ३

## प्रज्ञा प्रतिष्ठानको संरचना

६. **प्रतिष्ठानको संरचना बेहाय बमोजिम हुनेछ र यिनीहरूको सामुहिक रूप नै त्रिवेणी प्रज्ञा प्रतिष्ठान हुनेछ**ः

(१) प्रज्ञा प्रतिष्ठानको सर्वोच्च निकायको रूपमा एक प्रज्ञा सभा रहनेछ।

(२) प्रज्ञा सभामा पन्ध्र जना रहने छन्। सभाको गठन देहाय बमोजिम हुनेछ

(क) कुलपति (पालिका अध्यक्ष) -अध्यक्ष

(ख) उपकुलपति -सदस्य

(ग) पालिका उपप्रमुख -सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(ङ) पालिका शिक्षा अधिकारी -सदस्य

(च) पालिका कार्यपालिका सदस्यहरू मध्येबाट कम्तिमा एक जना महिलासहित पालिकाले तोकेका तीन जना -सदस्य

(छ) गाउँपालिका क्षेत्रभित्र रहेका भाषा-साहित्य, कला, संस्कृति तथा साहित्यिक संस्थाहरूमध्येबाट समावेशितालाई समेत ध्यानमा राखी पालिकाले वफा १० (३) बमोजिम मनोनयन गरेका परिषदका तीन सदस्यसहित पन्ध्रजना -सदस्य

(ज) पालिकाले तोकेको अधिकृतस्तरको कर्मचारी -सदस्य सचिव

(३) उपदफा "ख" र "छ" बमोजिम मनोनित उपकूलपति र सदस्यहरूको पदावधि ४ वर्षको हुनेछ।

(४) कुनै कारणले प्रज्ञा सभाका मनोनित सदस्यको पद रिक्त हुन आएमा बाँकी कार्यकालको लागि त्यस्तो सदस्य जुन विधा, क्षेत्रबाट मनोनयन भएको हो सोही विधा, क्षेत्र र प्रक्रियाबाट अर्को व्यक्तिलाई मनोनयन गरिने छ।

७. **प्रज्ञा सभाको काम, कर्तव्य र अधिकारः** प्रज्ञासभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) प्रज्ञा प्रतिष्ठानको नीति निर्धारण गर्ने।

(ख) गाउँसभाले तोकेको बजेटको सीमामा रही प्रज्ञा प्रतिष्ठानको वार्षिक योजना तथा कार्यक्रम स्वीकृत गर्ने

(ग) प्रज्ञा प्रतिष्ठानको वार्षिक बजेट पारित गर्ने।

(घ) विद्वदवृत्ति, सम्मान तथा पुरस्कार अनुमोदन गर्ने।

(ङ) परिषद्लाई आवश्यक निर्देशन र मार्गदर्शन गर्ने।

(च) परिषद्का कामको अनुगमन तथा मूल्यांकन गर्ने।

(छ) प्रज्ञा प्रतिष्ठानको नियमावली स्वीकृत गर्ने।

(ज) तोकिए बमोजिमका काम गर्ने।

(झ) प्रज्ञासभाको बैठक कम्तिमा वर्षको १ पटक बस्नेछ। बैठक बस्नुअघि बैठक बस्ने स्थान, मिति, समय र छलफलको कार्यसूची सहितको सूचना सभाका सदस्य सचिवले सदस्यहरूलाई कम्तिमा ४८ घण्टा पहिले दिनुपर्नेछ।

(ञ) सभामा तत्काल कायम रहेका सवस्य संख्याको पचास प्रतिशतभन्दा बढी सवस्हरूमा उपस्थित भएमा सभाको बैठकको लागि गणपुरक संख्या पुगेको मानिने छ।

(ट) सभाको बैठकको अध्यक्षता कुलपतिले र निजको अनुपस्थितिमा उपकूलपतिले गर्नेछ।

(ठ) सभाको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(ड) सभाको बैठकको निर्णय सभाको उपकूलपति / सदस्य सचिवले प्रमाणित गरी राख्नेछ।

(ढ) सभाको बैठक सम्बन्धी अन्य कार्यविधि सभा आफैले निर्धारण गरे बमोजिम हुनेछ।

८. **प्रज्ञा परिषद्को गठनः** (१) प्रज्ञा प्रतिष्ठानको प्रशासनिक तथा प्रज्ञासभावाट / गाउँसभाबाट स्वीकृत कार्यक्रम कार्यान्वयनका लागि एक स्वतन्त्र र अधिकार सम्पन्न कार्यकारी निकायको पाँच सदस्यीय प्रज्ञा परिषद् रहने छ र परिषद्को गठन र स्वरूप देहाय बमोजिमको हुनेछ :

| | |
|---|---|
| (क) उपकूलपति | -अध्यक्ष |
| (ख) कम्तिमा एक जना महिलासहित तीन जना | -सदस्य |
| (ग) गाउँपालिकाले तोकेको अधिकृत स्तरको कर्मचारी | -सदस्य सचिव |

(२) कुनै कारणले उपदफा (१) को खण्ड (ख) बमोजिमका सदस्यको पद रिक्त हुन गएमा बाँकी अवधिको लागि त्यस्तो सदस्य जुन विधा वा क्षेत्रबाट मनोनयन भएको हो सोही विधा वा क्षेत्र र प्रक्रियावाट अर्को व्यक्तिलाई मनोनयन गरिने छ।

(३) उपकुलपति परिषद्को कार्यकारी प्रमुख हुनेछ।

(४) परिषद्का सदस्य संयोजक रहने गरी उपकुलपतिले परिषदका सदस्यहरू मध्येबाट भाषा-साहित्य, कला र संस्कृतिको क्षेत्र हेर्ने गरी विभाग वा उपसमितिको गठन गर्न सक्नेछन्।

(५) परिषदको बैठक कम्तिमा महिनाको २ पटक बस्नेछ।

९. **<u>प्रज्ञा परिषद्को काम, कर्तव्य र अधिकारः</u>** परिषद्को काम, कर्तव्य र अधिकार बेहाय बमोजिम हुनेछः

(क) प्रज्ञा सभाले गरेका निर्णयहरू कार्यान्वयन गर्ने।

(ख) प्रज्ञा सभाले दिएको निर्देशन पालना गर्ने।

(ग) सदस्य सचिवले पेश गरेको वार्षिक कार्यक्रम, बजेट, प्रगति प्रतिवेदन तथा कार्यक्रमहरूका सम्बन्धमा छलफल तथा आवश्यकता अनुसार संसोधन गरी अनुमोदनका लागि प्रज्ञा सभामा पेश गर्ने।

(घ) विद्वत्वृत्ति, सम्मान तथा पुरस्कार अनुमोदनको लागि प्रज्ञा सभामा पेश गर्ने।

(ङ) परिषद्को काम कारवाहीको सम्बन्धमा आवश्यकता अनुसार समिति, उपसमिति वा कार्यटोली गठन गर्ने र त्यस्तो समिति, उपसमिति वा कार्यटोलीको काम, कर्तव्य र अधिकार तोक्ने।

१०. **<u>सिफारिस समिति</u>**ः (१) प्रज्ञा प्रतिष्ठानको उपकूलपति, मनोनित हुने प्रज्ञा सभा सदस्यहरू र प्रज्ञा परिषद्का सदस्यहरूको मनोनयनका लागि पालिकासमक्ष सिफारिस गर्न कुलपति वा कुलपतिले तोकेको व्यक्तिको संयोजकत्वमा २ जना प्रतिष्ठित साहित्यकारहरू सम्मिलित सिफारिस समिति गठन गर्नेछ।

(२) उप दफा १ बमोजिम गठित सिफारिस समितिले पालिका क्षेत्रभित्र रहेका कला, संस्कृति, दर्शन तथा सामाजिकशास्त्र सम्बन्धी विधामा १० वर्षदेखि क्रियाशील रहेका, कम्तिमा २ वटा कृतिहरु प्रकाशन गरेका, प्राज्ञिक क्षेत्रमा विशिष्ट पहिचान बनाएका ख्यातिप्राप्त व्यक्तिहरुमध्येबाट सम्भव भएसम्म भाषा-साहित्य, कला, संस्कृति, दर्शन तथा समाजशास्त्र सम्बन्धी सबै विधाबाट प्रतिनिधित्व हुने र जाति, लिङ्ग, भाषाभाषी समेतलाई समेट्ने गरी उपकुलपतिको लागि तीन जना र प्रज्ञा सभा र प्रज्ञा परिषद् सदस्यको लागि बीस जनाको नाम पालिकासमक्ष सिफारिस गर्नेछ।

(३) सिफारिस समितिबाट सिफारिस भई आएका व्यक्तिहरूमध्येबाट पालिकाले एकजना उपकूलपति, कम्तिमा एकजना महिलासहित तीनजना प्रज्ञा परिषद सदस्य र एघारजना प्रज्ञा सभा सदस्यको मनोनयन गर्नेछ।

## परिच्छेद ४

## प्रज्ञा प्रतिष्ठानको कुलपति, उपकुलपति, प्रज्ञा सभा सदस्य, परिषद सदस्य तथा सचिवालय

११. **<u>कुलपतिः</u>** प्रज्ञा प्रतिष्ठानको कुलपति त्रिवेणी गाउँपालिकाको प्रमुख रहनु हुनेछ।

१२. **<u>उपकुलपतिः</u>** (१) उपकुलपति प्रज्ञा प्रतिष्ठानको प्रमुख पदाधिकारी हुनेछ।

(२) उपकुलपतिको नियुक्ति गाउँपालिका प्रमुख तथा प्रतिष्ठानका कुलपतिले उपदफा १० बमोजिम गठित सिफारिस समितिको सिफारिसमा प्रतिष्ठानको उपकुलपति नियुक्त गर्नेछ।

१३.**<u>उपकुलपतिको काम, कर्तव्य र अधिकार यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारको अतिरिक्त उपकुलपतिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः</u>**

(क) सभाले दिएको निर्देशन र परिषदले गरेका निर्णयको कार्यान्वयन गर्ने, गराउने।

(ख) वार्षिक कार्यक्रम, बजेट, कार्यक्रमहरू, प्रगति प्रतिवेदन तयार गर्ने गराउने।

(ग) स्वदेशी तथा विदेशी संघ, संस्थाहरूसंग प्रज्ञा प्रतिष्ठानको कामसँग सम्बन्धित विषयमा सम्पर्क समन्वय गर्ने, गराउने।

(घ) तोकिए बमोजिमका काम गर्ने।

१४. **<u>प्रज्ञा सभा सदस्य</u>**ः

(क) प्रज्ञा प्रतिष्ठानको उद्देश्य पूर्तिका लागि दफा ७ (२) बमोजिमको प्रज्ञा सभा सदस्यहरू रहनेछन्।

(ख) प्रतिष्ठानका कुलपतिले उपदफा १० बमोजिम गठित सिफारिस समितिको सिफारिसमा प्रज्ञा सभा सदस्यको नियुक्ति गर्नेछ।

(ग) प्रज्ञा परिषद सदस्य प्रज्ञा प्रतिष्ठानको काम कारवाहीलाई व्यवस्थित ढंगले सञ्चालन गर्न दफा ८ (२) बमोजिम प्रज्ञा परिषद सदस्य रहनेछन्।

(घ) सदस्य सचिव प्रज्ञा प्रतिष्ठानको काम कारवाहीलाई व्यवस्थित ढंगले सञ्चालन गर्न पालिकाले एक अधिकृत स्तरको कर्मचारीलाई सदस्य सचिवको रूपमा तोक्नेछ।सदस्य सचिवको काम तोकिए बमोजिम बमोजिम हुनेछ।

१५. **<u>पद रिक्त हुनेः</u>** (१) बेहायका अवस्थामा प्रतिष्ठानका उपकुलपति, प्रज्ञा सभाका सदस्य तथा प्रज्ञा परिषद्का सदस्यहरूको पद रिक्त रहेको मानिनेछ।

(क) निजको पदावधि समाप्त भएमा।

(ख) निजले राजिनामा दिएमा।

(ग) निजको मानसिक सन्तुलन ठीक नभएमा।

(घ) निजले नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा।

(ङ) निज दफा १७ बमोजिम हटेमा।

(च) निजको मृत्यु भएमा।

१६. **<u>पदबाट हटाउन सक्नेः</u>** (१) प्रतिष्ठानका उपकुलपति, प्रज्ञा सभा तथा प्रज्ञा परिषद्का मनोनित सदस्यले यस ऐनको उद्देश्य बमोजिम काम नगरेको वा आफ्नो पद अनुकूलको आचरण नगरेको वा इमान्दारीपूर्वक कार्य नगरेको वा निजमा कार्यक्षमताको अभाव भएको कारण देखाई प्रज्ञा सभामा तत्काल कायम रहेका कम्तिमा एक चौथाई सदस्यले कुलपति समक्ष लिखित निवेदन दिएमा उपकुलपतिले एक छानविन समिति गठन गर्नेछ।

(२) उपदफा १ बमोजिम गठित छानविन समितिले सो सम्बन्धमा छानविन गरी आफ्नो प्रतिवेदन कुलपति समक्ष पेश गर्नेछ।

(३) उपदफा २ बमोजिम पेश भएको प्रतिवेदनबाट निजलाई पदबाट हटाउन उपयुक्त लागेमा कुलपतिले हटाउन सक्नेछ।

(४) प्रतिष्ठानका उपकुलपति, प्रज्ञा सभाका सदस्य तथा प्रज्ञा परिषद्का सदस्यहरूलाई पदबाट हटाउनु अघि सफाईको मौका दिनुपर्नेछ।

१७. **सचिवालय**ः (१) प्रतिष्ठानको सचिवालय त्रिवेणी गाउँपालिकामा रहनेछ।

(२) प्रज्ञा प्रतिष्ठानको सम्पर्क समन्वय शाखाको रूपमा शैक्षिक प्रशासन महाशाखा रहनेछ।

(३) प्रज्ञा प्रतिष्ठानको वार्षिक प्रतिवेदन यसै शाखा मार्फत गाउँपालिकामा पेश हुनेछ।

(४) सचिवालयमा प्रतिष्ठानका सचिव र आवश्यकता अनुसार अन्य कर्मचारीहरू रहन सक्नेछन्

## परिच्छेद ५
## विविध :

१८. **विविधः** (१) प्रतिष्ठानका उपकुलपति, प्रज्ञा सभा तथा प्रज्ञा परिषद्का मनोनित सदस्यहरूले अनुसूची १ बमोजिम कुलपति समक्ष शपथ लिनुपर्नेछ।

(२) सेवाका शर्त र सुविधा प्रतिष्ठानका उपकुलपति, प्रज्ञा सभाका सदस्य तथा प्रज्ञा परिषद्का सदस्यहरूको पारिश्रमिक, सेवाका शर्त र सुविधा तोकिए बमोजिम हुनेछ।

(३) प्रज्ञा प्रतिष्ठानले मापदण्ड निर्धारण गरी गाउँपालिकाको भाषा-साहित्य, कला, संस्कृतिको क्षेत्रमा विशिष्ट योगदानपुर्याउने स्रष्टाहरूलाई ऐन बमोजिम विशिष्ट, आजीवन, श्रेयस्कर सदस्यता उपलब्ध गराउन सक्नेछ।

(४) प्रज्ञा प्रतिष्ठानले छुट्टै प्रतीक चिन्ह लोगो, लेटर प्याड, छापको प्रयोग गर्नसक्नेछ।

(५) त्रिवेणी गाउँपालिकाले यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यक नियम, नियमावली, कार्यविधि, निर्देशिका बनाउन सक्नेछ।

## अनुसूची १

## शपथ

## ( दफा १८ (१) सँग सम्बन्धित )

म. सत्य र जनताप्रति पूर्ण बफादार रही सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछुः ईश्वर/देश र जनाताको नाममा शफथ लिन्छु कि नेपालको राजकीय सत्ता र सार्वभौमसत्ता नेपाली जनतामा मात्र निहित रहेको नेपालको संविधानप्रति पूर्ण बफावार रही त्रिवेणी प्रज्ञा प्रतिष्ठानको पदको कामकाज प्रचलित कानुनको अधीनमा रही कसैको डर नमानी, पक्षपात नगरी, कसैप्रति पूर्वाग्रह वा खराव भावना नलिई, इमान्दारीसाथ गर्नेछु र आफ्नो कर्तव्य पालनाको सिलसिलामा आफूलाई जानकारी भएको कुरा म पदमा बहाल रहँदा वा नरहँदा जुनसुकै अवस्थामा पनि प्रचलित कानुनको पालना गर्दा वाहेक अरू अवस्थामा कुनै किसिमबाट पनि प्रकट वा सङ्केत गर्ने छैन।

नाम थरः

दस्तखत

मिति :

शफथ गराउनेको

नाम थरः

दस्तखत

पद : कुलपति

मिति :

अनुसूची २

प्रतीक चिन्ह

( दफा १९ (४) सँग सम्बन्धित)

षट्कोणको बीचमा सरस्वतीको तस्वीर रहने, त्यसको शिरानमा "त्रिवेणी प्रज्ञा प्रतिष्ठान" र पुछारमा "त्रिवेणी गाउँपालिका रुकुम पश्चिम (स्था. २०८२)" त्यसको तलपट्टि "कर्णाली प्रदेश, नेपाल" रहनेछ।